नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक १०४ २०८३ साल मंसिर ४ गते शुक्रबार (20 Nov 2026 Friday) मूल्य रु. ५/-

**बालविवाह र बालश्रम विरुद्ध सजगता**

**कानुनी उमेर :**
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

**उमेर नपुगी विवाह :**
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

**बालश्रम निषेध :**
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

**शिक्षाको निरन्तरता :**
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : प्रधानमन्त्रीको भारत.. ३ पृष्ठमा :बिटौरी जग्गा दर्ता सम्बन्धी सूचना ... ३ पृष्ठमा : हसिनाको फिर्तीको घोषणापछि.

# स्थापनाको ५० वर्षको अवसरमा राजदेवी माविले स्वर्ण जयन्ती मनाउने

**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

राजविराजस्थित राजदेवी ठाकोदेवी जोगेन्द्र भगत माध्यमिक विद्यालय स्थापनाको ५०औँ वर्ष पूरा गरेको अवसरमा स्वर्ण जयन्ती मनाउने भएको छ ।

आउँदो फागुन ७, ८ र ९ गते तीन दिनसम्म मनाउन लागिएको स्वर्ण जयन्ती समारोहलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्ने तयारी स्वरूप बिहीबार स्वर्ण जयन्ती मूल समारोह समितिले पूर्वविद्यार्थीहरूसँग छलफल तथा अन्तरक्रिया गरेको छ ।

छलफलमा प्रमुख सल्लाहकार समिति एवं पूर्वविद्यार्थी तथा पूर्वमन्त्री उमेश यादवले स्वर्ण जयन्तीलाई ऐतिहासिक र स्मरणीय बनाउन सबै



पूर्वविद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरूलाई सक्रिय सहभागिताका लागि आग्रह गरे । उनले विद्यालयको गौरव र योगदानलाई उजागर गर्ने अवसरका रूपमा स्वर्ण जयन्तीलाई लिनुपर्ने बताए ।

सो छलफलमा स्वर्ण जयन्ती मूल समारोह समितिका अध्यक्ष भन्नालाल यादवले विद्यालयका संस्थापक प्रधानाध्यापक डा. चुरामणि दत्तको शालिक स्थापना गर्नुका साथै अवकाश प्राप्त प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाहरूलाई सम्मान गर्ने कार्यक्रमसमेत तय गरिएको जानकारी दिए । उनले समारोहलाई सफल बनाउन सबै पक्षसँग सहयोग र सहकार्यको अपेक्षा

*बाँकी अन्तिम पृष्ठमा*

# दैनिक ज्यालादारी श्रमिकहरू विभिन्न माग राख्दै आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

कोशी पम्प चन्द्र नहर सिँचाइ व्यवस्थापन कार्यालय राजविराजअन्तर्गत कार्यरत दैनिक ज्यालादारी श्रमिकहरू विभिन्न माग राख्दै आन्दोलित भएका छन् ।

सिँचाइ मन्त्रालयको २०८३ सालको मापदण्डको दफा ७ मा उल्लेख गरिएको उमेर हदसम्बन्धी व्यवस्था खारेज, श्रमिकहरूको सेवा अवधि गणना गरी एकमुष्ट सुविधा उपलब्ध तथा वर्षभरि काममा लगाउने व्यवस्था मिलाउनुपर्ने लगायतका माग अघि सारी आन्दोलित भएका हुन् ।

दैनिक ज्यालादारी श्रमिक इकाई कार्यसमितिले श्रमिकका माग सम्बोधनका लागि प्रधानमन्त्रीसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आन्दोलनका कार्यक्रम घोषणा गरेको जनाएको छ ।

समितिका अनुसार श्रमिकहरूले २०८३ कात्तिक १९ गते ती मागसहितको ज्ञापनपत्र प्रधानमन्त्रीसमक्ष पठाए पनि हालसम्म माग सम्बोधनका लागि कुनै पहल नभएको भन्दै बाध्य भएर आन्दोलनमा उत्रिनु परेको जनाएका छन् ।


कार्यालयले उमेर हदका कारण काममा नलगाउने सूचना प्रकाशित गरेपछि श्रमिकहरूको सेवा निरन्तरता कायम गर्नुपर्ने तथा वर्षभरि ज्याला भुक्तानी गर्न पुग्ने गरी आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने मागसमेत उनीहरूले अघि सारेका छन् ।

समितिले सार्वजनिक गरेको संघर्षका कार्यक्रम अनुसार मंसिर ३ देखि ७ गतेसम्म सम्पूर्ण श्रमिकहरूले कार्यालयको प्रशासनिक भवनमा कालोपट्टी बाँधेर धर्ना तथा ८ देखि १३ गतेसम्म कार्यालयका सम्पूर्ण सरकारी सवारीसाधन सञ्चालनमा रोक लगाउँदै धर्ना दिने रहेको छ । संघर्षका कार्यक्रमहरुबाट पनि

*बाँकी अन्तिम पृष्ठमा*

**बाल अधिकारको रक्षा गरौं**

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## हटियामा शौचालय निर्माण गर्नेतर्फ नगरपालिका गम्भीर बन

राजविराजस्थित हटिया अहिले निर्माणाधीन अवस्थामा रहेको छ । झण्डै ३७ करोडको लागतमा आधुनिक हटिया निर्माण हुन लागेको हो । जुन पालिकालाई हस्तान्तरण गर्ने अन्तिम चरणमा पुगेको छ । दैनिक हजारौँ उपभोक्ता, व्यापारी तथा किसानको आवतजावत हुने यस हटियामा एउटा पनि शौचालय निर्माण नहुनु दुःखद विषय हो । सार्वजनिक शौचालयको व्यवस्था नहुँदा बजारमा किनमेल गर्न आउने सर्वसाधारण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकले ठूलो सास्ती खेप्नुपर्ने हुन्छ । व्यापारिक गतिविधि बढ्दै गएको राजविराज हटियामा व्यवस्थित शौचालय नहुनु नगरपालिकाको व्यवस्थापकीय कमजोरीका रूपमा लिन सकिन्छ । बजारमा घण्टौँ समय बिताउने व्यापारी तथा ग्राहकलाई शौचालयको आवश्यकता पर्नु स्वाभाविक हो । तर यस्तो सामान्य आवश्यकतासमेत पूरा नहुँदा बजारको स्वच्छता, स्वास्थ्य र मर्यादामा प्रश्न उठेको छ । शौचालयको अभावले खुला ठाउँमा दिसापिसाब गर्ने बाध्यता सिर्जना भएमा दुर्गन्ध फैलिनुका साथै विभिन्न रोगको जोखिमसमेत बढ्न सक्छ ।

राजविराज हटियालाई व्यवस्थित, सफा र सुविधासम्पन्न बनाउने जिम्मेवारी स्थानीय सरकारको हो । बजारबाट कर तथा राजस्व संकलन गर्ने तर व्यापारी र उपभोक्तालाई आवश्यक सुविधा उपलब्ध नगराउने प्रवृत्ति अन्त्य हुनुपर्छ । नगरपालिकाले हटियाको उपयुक्त स्थानमा महिला र पुरुषका लागि छुट्टाछुट्टै सार्वजनिक शौचालय निर्माण गर्न तत्काल पहल गर्न आवश्यक छ । शौचालय निर्माण गरेर मात्र नवनिर्मित हटिया संचालन गर्नेतर्फ गम्भिर हुनुपर्छ । त्यसको नियमित सरसफाइ, पानीको व्यवस्था, फोहोर व्यवस्थापन र उचित रेखदेख पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसका लागि आवश्यक बजेट छुट्याएर दीर्घकालीन व्यवस्थापन योजना बनाउनुपर्छ ।

राजविराज हटिया केवल किनमेल गर्ने स्थान मात्र होइन, यसले नगरको पहिचान र आर्थिक गतिविधिलाई समेत प्रतिनिधित्व गर्छ । त्यसैले हटियाको विकासका लागि सडक, नाला, खानेपानी, सरसफाइ र शौचालयजस्ता आधारभूत पूर्वाधारको रेखदेख गर्नुपर्ने पनि उत्तिकै आवश्यक छ । तसर्थ सम्बन्धित यसप्रति निकाय मौन बस्नु उचित हुँदैन । शौचालयविहीन राजविराज हटियामा शौचालय निर्माण गर्नेतर्फ नगरपालिका गम्भीर बनोस् ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# प्रधानमन्त्रीको भारत भ्रमणका एजेण्डा

**एकराज पाठक**

काठमाडौँ, ३ मंसिर (रासस) ।

नेपालका लागि भारतीय पूर्वराजदूत रणजीत रायले प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणले दुई देशका प्रधानमन्त्रीबीच सार्थक र प्रत्यक्ष भेटवार्ता गर्ने पहिलो अवसर प्रदान गर्ने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "उक्त भेटवार्ताले पुनः सशक्त र गतिशील साझेदारीको परिकल्पना तय गर्न तथा त्यसलाई अघि बढाउने दिशा पनि निर्धारण गर्न मद्दत गर्नेछ ।" उहाँले हालैमात्र एक भारतीय मिडियामार्फत सो धारणा राख्नुभएको हो ।

यसैगरी, नेपालका लागि अर्का पूर्वभारतीय राजदूत नवीन श्रीवास्तवले पनि यो भ्रमण निकै महत्वको रहने धारणा राख्नुहुन्छ । "यो भ्रमणले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री वालेन्द्र शाहबीच प्रत्यक्ष संवादको पहिलो अवसर जुटाउनुका साथै दुई देशबीचको सम्बन्ध सुदृढ पार्ने महत्वपूर्ण मौका प्रदान गर्नेछ", उहाँको धारणा छ ।

राजदूत श्रीवास्तावले भारतीय मिडियामा आफ्ना धारणा राख्नुहुन्छ, "शाह नेतृत्वको सरकारका लागि आर्थिक वृद्धि र रोजगारी सिर्जना चुनौती बनेका छन् भने गत अगस्टको बाढी पहिरोजस्ता प्राकृतिक विपद्ले थप जटिलता थपेका छन् । भारतले सुरुआतदेखि नै नयाँ सरकारसँग संवाद बढाएको छ । शाहको 'विकास कूटनीति' र भारतको 'छिमेकी पहिलो नीति' अनुरूप दुवै अर्थतन्त्रलाई जोड्ने नयाँ दृष्टिकोण आवश्यक छ ।

नेपालमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यातको लक्ष्यअनुरूप हाल वर्षायाममा करिब एक हजार २०० मेगावाट बिजुली भारत निर्यात भइरहेको र अरुण तेस्रोलगायतका आयोजना निर्माणाधीन रहेका पनि उहाँले स्मरण गराउनुहुन्छ । उहाँ नेपाली स्टार्टअपलाई भारतको 'स्टार्टअप इकोसिस्टम'सँग जोड्ने र नेपालमा आइआइटी क्याम्पस स्थापना गर्ने दिशामा सहकार्य विस्तार गर्नुपर्ने सुझाव दिनुहुन्छ । उहाँहरु दुवैको ठहर छ-प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमण निकै महत्वपूर्ण हुनेछ ।

प्रधानमन्त्री शाह आगामी साता भारतको राजकीय भ्रमणमा जाँदै हुनुहुन्छ । प्रधानमन्त्रीमा नियुक्त भएपछिको यो पहिलो भारत भ्रमणको यतिखेर नेपाल र भारतमा नै चर्चा सुरु भएको छ र चर्चामा छन् एजेण्डा । यो भ्रमण नेपालको कूटनीतिक, आर्थिक तथा रणनीतिक दृष्टिकोणले महत्वपूर्ण अवसर हो । नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, व्यापारिक तथा भौगोलिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै छिमेकी देशका नाताले दुई देशबीच समय समयमा देखापर्ने कतिपय समस्या समाधानका लागि उच्च तहमा संवाद र समझदारी पनि निर्माण गर्ने अवसर प्राप्त हुनेछ ।

यस भ्रमणबाट नेपालले बाढीपहिरोबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि आर्थिक सहयोग, भैरहवा तथा पोखरा अन्तरराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि थप हवाई रुट, जलविद्युत् विकास, ऊर्जा व्यापार, सडक तथा रेलमार्ग विस्तार र पेट्रोलियम पाइपलाइन निर्माणमा ठोस उपलब्धि हासिल गर्नसक्ने अपेक्षा गरिएको छ । यसका साथै नेपाल भारत सीमा विवाद, व्यापार घाटा तथा पारवहनका समस्यालाई नेपालको राष्ट्रिय हितअनुसार समाधान गर्न भारतसँग कूटनीतिक पहल गर्ने अवसर पनि यस भ्रमणले प्रदान गर्नेछ ।

भारत नेपालको प्रमुख व्यापारिक तथा विकास साझेदार भएकाले यो भ्रमणलाई केबल औपचारिक भेटघाटमा मात्र सीमित नराखी रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन, लगानी आकर्षण, पूर्वाधार विकास र आर्थिक समृद्धिको आधार बनाउन सकिने आधारहरु पनि पहिल्याउन भ्रमण फलदायी हुने अपेक्षा गर्न सकिन्छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई लक्षित गरेर निजी क्षेत्रले मात्र त्यहाँ ६० अर्बभन्दा बढीको लगानी गरिसकेको छ । होटलमा मात्र रु ३० अर्ब लगानी थपिएको निजी क्षेत्रको तथ्याङ्क छ । विमानस्थलकै आशले सेवा तथा पर्यटन क्षेत्रका धेरै संरचना पनि बने । लुम्बिनी क्षेत्रमा मात्र दैनिक २० हजार जनाको चहलपहल हुने आँकलन सो विमानस्थल बनाउने ताकाका विश्लेषण थिए । तर अहिले सोचेजस्तो विमानस्थल सञ्चालनमा आउन सकेन । यसले निराशा मात्र थपिँदिएको छ । यतिका धेरै लगानी डुब्ने त्रास बढ्दो छ । यहाँ विदेशी जहाज नउडेकाले भारतसँग रुट अनुमतिका लागि नागरिकको आग्रह छ ।

यसअघिका प्रधानमन्त्रीहरु भारत जाँदा पनि प्राथमिक एजेण्डामा यो पनि थियो । लुम्बिनी क्षेत्रमा लगानी गरेको निजी क्षेत्रमात्र होइन कि काठमाडौँबाहेकको अर्को अन्तरराष्ट्रिय विमानस्थलको पर्खाइमा बसेका आमनेपाली नागरिकको चासो यो विमानस्थलमा छ । त्यसैले धेरैले हवाई रुट प्राप्त गर्ने विषयमा नेपाली पक्षले प्राथमिकताका साथ प्रस्ताव गर्नुपर्ने सुझाएका छन् । उता पोखरा विमानस्थललाई पनि पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नसकिएकाले यो एजेण्डा हाम्रो पहिलो प्राथमिकतामा रहनुपर्दछ ।

भ्रमणका क्रममा दुई देशबीच 'कनेक्टिभिटी' विस्तार, विकास सहायता, पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउनेलगायत विषयमा छलफल हुने त छँदैछ । थप हवाई रुटका अतिरिक्त हवाई कनेक्टिभिटी विस्तार, रेलवे तथा सडक सञ्जाल विस्तार र ऊर्जा क्षेत्रको पूर्वाधार विकास पनि नेपालका लागि महत्वपूर्ण एजेण्डा हुन् । रेलवे कनेक्टिभिटीअन्तर्गत जनकपुर-अयोध्या रेलवेको शुभारम्भ, जयनगर-जनकपुर रेलसेवालाई बर्दिवाससम्म विस्तार, रक्सौल-काठमाडौँ रेलमार्गको सम्भावना तथा अन्य रेलवे सम्पर्क विस्तारका विषयमा यो भ्रमणमा सहमतिको अपेक्षा छ ।

नेपाल र भारत सदियौँ पुराना मित्र हुन् । त्यसैले यो भ्रमणले कुनै लेनदेन, व्यापार या सम्झौताभन्दा माथि उठेर छिमेकीपन र खुला सीमासहितको खुला सम्बन्ध विस्तारलाई महत्व दिनु अर्को आवश्यकता हो । यसैबाट सम्बन्धको मापन गर्नुपर्दछ र द्विपक्षीय हितलाई अग्रसूचीमा राख्नुपर्दछ । यस आधारमा सम्बन्धको बहुआयामिकताको मापन गर्नु दुवैतर्फको हितमा हुन्छ । खुला सिमाना हुनुको धेरैमध्येको एउटा अर्थ हाम्रा द्विपक्षीय सम्बन्धका आयाम र आयतन पनि खुलापनमै आधारित हुनुपर्छ भन्ने हो । खुला सिमानासँगै हृदय पनि खुला नै हुनुपर्छ भन्ने हो । खुला हृदयबाट नै एकले अर्काका अप्ठ्यारा बुझ्न र मापन गर्न पनि सकिन्छ, सक्नुपर्छ । ती समस्याको उच्चतम बुझाई र समझदारी निर्माणको काम गर्ने एउटा अवसर दुवै देशका तर्फबाट हुने उच्चस्तरीय भ्रमण पनि हो । त्यस्तो समझदारी र आपसी हितको कामना यसपटक र हरेकपटक हुने यस्ता उच्चस्तरीय भ्रमणका बखत गरिएको हुन्छ ।

यी उच्चस्तरीय भ्रमणलाई आपसी अप्ठ्याराहरूको गाँठो फुकाएर समझदारीको निर्माण गर्नमा केन्द्रित गर्नुपर्दछ । यसका लागि हामीले पनि दुई ठूला छिमेकका समृद्धिबाट लाभ लिनसक्ने कूटनीतिक कौशलताका साथ यो सम्बन्ध अघि बढ्नुपर्छ । हाम्रा आवश्यकता छिमेकीलाई सुनाउने अथवा मुलुकको राष्ट्रिय हितलाई उनीहरूसँग राख्ने शैलीले कूटनीतिक क्षमता मात्र प्रदर्शन गर्दैन, उनीहरुमा छिमेकपनको दायित्वबोध पनि गराउन सक्दछ । हामीले अब आर्थिक रूपमा समृद्ध दुई ठूला छिमेकीबाट लाभ लिनसक्ने कूटनीतिक क्षमतायुक्त देशको नीति अख्तियार गर्नुपर्छ ।

आपसी विश्वासको वातावरण निर्माण गर्ने काममा हाम्रो कूटनीतिक कौशल केन्द्रित हुनुपर्दछ । उच्चस्तरीय भ्रमणको समय आयो कि अनगिन्ती एजेण्डा थुपारेर बोझ बनाउने र नेपालले के पाउँछ भन्ने मात्र सोच पनि राख्नुहुँदैन । छिमेकी र सदियौँ पुरानो सम्बन्धका कारण हाम्रा एजेण्डा त कैयौँ हुन्छन् तर त्यसभित्र अहिलेको हाम्रो प्राथमिकतालाई माथि राख्नुपर्दछ । हिजो हाम्रो आवश्यकता भारतसँग बिजुली व्यापार थियो भने आज हवाई रुट अत्यावश्यक बनेको छ । हालका लागि यसैलाई सहजीकरण गर्न आपसी समझदारी निर्माण गर्ने अवसरका रूपमा भ्रमणलाई लिनुपर्दछ । हाम्रा हिजोका प्रतिबद्धता र तिनको कार्यान्वयन एवं छिमेकका नाताले अनेक सम्बन्ध र बन्द व्यापारका खाँचोहरु त भई नै रहन्छन् ।

नेपालको परिस्थिति र परिवेश फेरिएको छ र धेरै क्षेत्रमा परिवर्तन पनि देखिँदैछ । त्यसैले प्रधानमन्त्रीको यो भ्रमण पनि नयाँ र खास महत्वको हुनु जरुरी छ । यस हिसाबले पनि यो उच्चस्तरीय भ्रमण दुई प्रधानमन्त्रीबीचको भेटवार्तामा मात्र सीमित हुने छैन भन्ने आम नेपालीको अपेक्षा छ । जेनजी आन्दोलनपछिको नयाँ राजनीतिक परिस्थितिमा बनेको सरकारको विदेश नीतिको दिशा, नेपालको राष्ट्रिय स्वार्थप्रतिको प्रतिबद्धता र भारतसँगको सम्बन्धलाई नयाँ आधार र आयाममा परिभाषित गर्ने अवसर यो भ्रमणसँग सुरक्षित छ । त्यसैले सोहीबमोजिमको तयारी र प्रस्तुति हुनु आवश्यक छ । यसका लागि हाम्रो कूटनीतिक क्षमता र अग्रसरता बढी महत्वपूर्ण हुनेछन् ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय राजविराज सप्तरी

(बिटौरी जग्गा दर्ता समिति)

मिति : २०८३/०८/०४

**विषयः- बिटौरी जग्गा दर्ता सम्बन्धी सूचना।**

नेपाल सरकारद्वारा मिति २०८३ साल असोज २३ गते प्रकाशित बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरुको नाममा बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०८३ बमोजिम यस भूमि प्रशासन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न क्षेत्रमा नाप नक्सा हुन नसकेको जग्गा, सो जग्गा सरकारी, ऐलानी वन क्षेत्र भनी कही कतै उल्लेख नभएको, जग्गा नाप जाँच हुँदा स्ववासी वा बहाल बिटौरीमा विवाद परी नाप जाँच कार्य बीचमा स्थगित हुन गएकोले सो सम्बन्धमा उठेको समस्या समाधान गरी जग्गा दर्ता सम्बन्धी निर्णय गर्न नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी समिति गठन भएकोले उक्त किसिमको जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालालेयस कार्यालय स्थित समितिको सचिवालयमा उपस्थित भईतपशिलका कागज प्रमाण सहित सूचना प्रकाशन भएको मिति२०८३/०८/०४ गते देखि ३५ दिन भित्र तोकिएकोनिवेदनको ढाँचामा निवेदन दर्ता गराउन मिति २०८३/०८/०३ गतेको समितिको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपशिल**

**संलग्न गर्नु पर्ने प्रमाणहरू:-**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ..
२. बसोबास गरी आएको जग्गाको नक्सा / नक्सा ट्रेशको प्रमाणित प्रतिलिपि थान ....
३. क्षेत्रीय किताब (फिल्डबुक) को प्रमाणित प्रतिलिपि थान...
४. स्थानीय तहले प्रदान गरेको बिटौरी रसिदको प्रमाणित प्रतिलिपि थान...
५. स्थानीय तहले भोग र तत्कालिन बसोबास यकिन गरी जग्गा दर्ताको लागि किटानी सिफारिस थान ....
६. स्थानीय तहले गरिदिएको नक्शा पास, निर्माण सम्पन्न प्रतिवेदन थान ....
७. अदालतबाट भएको मिलापत्र थान .... (भएमा)
८. भूमि प्रशासन कार्यालयको लिखत थान .... (भएमा)
९. बैंक तथा वित्तीय संस्थाले गरेको लिलाम वा लिलाम सकारनामा थान .... (भएमा)
१०. आफू सँग भएका अन्य प्रमाण

**किशोर कुमार राम**
**सदस्य सचिव**

मितिः २०८३/..../....

**श्रीमान् अध्यक्षज्यू,**
**बिटौरी जग्गा दर्ता समिति, राजबिराज, सप्तरी।**

**विषयः बिटौरी जग्गा दर्ता गरी पाउँ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी/हामो ..... को नाममा एकलौटी/संयुक्त रूपमा .....गाऊँ/नगरपालिकामा दर्ता रहेको जग्गा/ घर जग्गा, जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नाप जाँच) नियमावली, २०५८ बमोजिम नाप जाँच हुँदा स्वबासी/ बहाल बिटौरीमा विवाद परी नाप जाँच कार्य पुरा हुन नसकेकोले नक्सा तथा क्षेत्रीय किताबमाकित्ता कायम भई नाप नक्सा भएको तरदर्ता गर्नको लागी छुट हुन गएको हुँदा देहायका कागजातहरू संलग्न राखी रू. १० को टिकट टाँसी **बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरुको नाममा बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०८३** को दफा ५ बमोजिम यो निवेदन पेश गरेका छु/ छौं। उक्त जग्गा सरकारी, सार्वजनिक, ऐलानी,वन क्षेत्र नभएकोले संलग्न प्रमाणहरू भिडाई मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६ तथा अन्य प्रचलित कानून बमोजिम मेरो/हाम्रो नाममा एकलौटी/ संयुक्त रूपमा बिटौरी जग्गा दर्ता गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराई पाऊँ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**जग्गाको विवरणः**

| जिल्ला | गा.वि.स./न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम खण्ड/विरह | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**क्षेत्रीय किताबको विवरणः**

| सि.नं. | कि.नं. | जग्गावालाको महलको व्यहोरा | मोहीको महलको व्यहोरा | विरह | किसिम | कैफियत व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**निवेदकको विवरण र ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखतः**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरीमा):- ..... | नाम, थर(अङ्ग्रेजीमा) :- ..... | जन्म मिति :- ..... | |
| ठेगाना :- ..... | | लिङ्ग :- ..... | दस्तखतः ..... |
| नागरिकता नं. र जारी मिति :- ..... | नागरिकता जारी गर्ने कार्यालय र जिल्ला :- ..... | जग्गाधनी सङ्केत नं. :- ..... मोबाईल नम्बर :- ..... | दायाँ / बायाँ |
| पति/पत्नीको नाम :- ..... ससुराको नाम :- ..... | बाबुको नाम :- ..... आमाको नाम :- ..... | आजेकोनाम :- ..... बजैको नाम :- ..... | |

***वारिस भए निजको विवरण र ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखतः***

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरीमा):- ..... | नाम, थर(अङ्ग्रेजीमा) :- ..... | जन्म मिति :- ..... | दस्तखतः ..... |
| ठेगाना :- ..... | | लिङ्ग :- ..... | दायाँ / बायाँ |
| नागरिकता नं. र जारी मिति :- ..... | नागरिकता जारी गर्ने कार्यालय र जिल्ला :- ..... | जग्गाधनी सङ्केत नं. :- ..... मोबाईल नम्बर :- ..... | |
| पति/पत्नीको नाम :- ..... ससुराको नाम :- ..... | बाबुको नाम :- ..... आमाको नाम :- ..... | आजेकोनाम :- ..... बजैको नाम :- ..... | |

**संलग्न प्रमाणहरूः-**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ..
२. बसोबास गरी आएको जग्गाको नक्सा / नक्सा ट्रेशको प्रमाणित प्रतिलिपि थान ....
३. क्षेत्रीय किताब (फिल्डबुक) को प्रमाणित प्रतिलिपि थान...
४. स्थानीय तहले प्रदान गरेको बिटौरी रसिदको प्रमाणित प्रतिलिपि थान...
५. स्थानीय तहले भोग र तत्कालिन बसोबास यकिन गरी जग्गा दर्ताको लागि किटानी सिफारिस थान .....
६. स्थानीय तहले गरिदिएको नक्शा पास, निर्माण सम्पन्न प्रतिवेदन थान ....
७. अदालतबाट भएको मिलापत्र थान .... (भएमा)
८. भूमि प्रशासन कार्यालयको लिखत थान ....(भएमा)
९. बैंक तथा वित्तीय संस्थाले गरेको लिलाम वा लिलाम सकारनामा थान ....(भएमा)
१०. अन्य प्रमाणः .....

पत्रको सक्कल थान.

ईति संवत २०८३ साल ..... महिना ..... गते ..... रोज शुभम् ....

यो निवेदन म कारणी ..... आफैले तयार गरेको हो भनी सही गर्नेः-

हस्ताक्षर ..... नाम .....

*नोटः- संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजको थानको हकमाकति पाना हुन्छ सो को संख्या लेख्ने। आवश्यकता अनुसार थप टेबल र पेज समावेश गर्न सकिनेछ। कानूनी व्यक्ति भए नवीकरण सहित संस्था दर्ता प्रमाणपत्रको विवरण राखी सो अनुसारको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।*

# विश्व समाचार

## हसिनाको फिर्तीको घोषणापछि बङ्गलादेशमा सुरक्षा कडा

ढाका, ३ मङ्सिर (रासस/एएफपी)।

पूर्वप्रधानमन्त्री शेख हसिनाका समर्थकले राष्ट्रव्यापी प्रदर्शनको आह्वान गरेपछि बङ्गलादेश सरकारले राजधानी ढाकासहित सात जिल्लामा सयौं सुरक्षाकर्मी परिचालन गरेको छ। विद्यार्थी नेतृत्वको विद्रोहबाट १५ वर्ष शासन अन्त्य भएपछि सन् २०२४ अगस्टमा भारत पलायन हुनुभएकी ७९ वर्षीया हसिनाले आगामी डिसेम्बरमा स्वदेश फर्कने घोषणा गर्नुभएको छ। प्रदर्शनकारीमाथि भएको घातक दमनसम्बन्धी मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै अदालतले उहाँलाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो। हसिनाको सम्भावित फिर्तीलाई लिएर पछिल्ला दिनमा हिंसात्मक घटना बढेका छन्। प्रतिबन्धित अवस्थामा रहेको उहाँको दल अवामी लिगले विहीबार राष्ट्रव्यापी प्रदर्शन र 'लकडाउन' आह्वान गरेको थियो। सीमा सुरक्षा बल बङ्गलादेशले हसिनाको गृहनगर गोपालगञ्जसहित सात जिल्लामा सुरक्षाकर्मी खटाएको छ। पार्टीको घरभित्रै बस्नुपर्ने आह्वानका बाबजुद समर्थकहरूले ढाकालाई गोपालगञ्जसँग जोड्ने राजमार्गका विभिन्न स्थानमा प्रदर्शन गर्दै यातायात अवरुद्ध गरेका छन्। ती क्षेत्रमा आगजनी तथा हिंसाका घटना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। यसैबीच, प्रधानमन्त्री तारिक रहमानले राजनीतिक विरोधीहरूले देशलाई अस्थिर बनाउन खोजेको आरोप लगाउँदै लोकतन्त्र समर्थक शक्तिहरूलाई एकजुट हुन आग्रह गर्नुभएको छ। प्रहरीले अवामी लिगसँग सम्बन्धित १०७ जनालाई बुधबारदेखि पक्राउ गरेको जनाएको छ। पक्राउ पर्नेमा पूर्वशिक्षामन्त्री नुरुल इस्लाम नाहिदसमेत हुनुहुन्छ। हसिनाले पछिल्ला सातामा समर्थकहरूलाई सम्बोधन गर्दै डिसेम्बरमा स्वदेश फर्कने प्रतिबद्धता दोहोऱ्याउनुभएको छ।उहाँको घोषणासँगै बङ्गलादेशको राजनीतिक वातावरण थप तनावपूर्ण बनेको छ।

## इमरानको सुरक्षाका लागि छोराको विश्व समुदायसँग अपिल

इस्लामाबाद, ३ मङ्सिर (रासस/एएनआई)।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोरा कासिम खानले आफ्ना बुबाको ज्यान जोखिममा रहेको भन्दै उहाँको सुरक्षाका लागि तत्काल हस्तक्षेप गर्न अन्तर्राष्ट्रिय समुदायसँग अपिल गर्नुभएको छ। उहाँले सेना प्रमुख असीम मुनीरको नेतृत्वमा रहेको पाकिस्तानी सैन्य प्रशासनमाथि हत्या, अपहरण र यातनाको सहारा लिएको आरोप लगाउनुभएको छ। सामाजिक सञ्जाल एक्समा सन्देश लेख्दै कासिमले मुनीर नेतृत्वको शासनले तर्क नसुन्ने आरोप लगाउनुभएको छ। आफ्ना बुबाको हत्या हुनुअघि नै विश्व समुदायले कदम चाल्नुपर्ने उहाँको आग्रह छ।

यसैबीच, अन्तर्राष्ट्रिय मानव अधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले इमरान खान र उहाँकी पत्नी बुशरा बीबीको नजरबन्द, स्वास्थ्य उपचार तथा परिवार र कानुनी प्रतिनिधिसँगको भेटघाटमा लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गरेको छ। संस्थाका अनुसार इमरान खानलाई सन् २०२५ डिसेम्बरदेखि परिवारसँग भेट्न दिइएको छैन। सन् २०२६ अगस्टमा बहिनीसँग दुई पटक भेट्न पाउनुभए पनि मार्चदेखि छोराहरूसँग टेलिफोनमा कुराकानी गर्न दिइएको छैन। ७४ वर्षीय पूर्वप्रधानमन्त्रीलाई एकान्त कारावासमा राख्दा मानसिक तथा शारीरिक स्वास्थ्यमा असर पर्न सक्ने संस्थाको चेतावनी छ।

एम्नेस्टीले उहाँको रक्तचापसम्बन्धी गम्भीर समस्याबारे उल्लेख गर्दै सर्वोच्च अदालतको आदेश हुँदाहुँदै स्वतन्त्र चिकित्सकबाट उपचारको व्यवस्था नगरिएको आरोप लगाएको छ। बुशरा बीबीको आँखासम्बन्धी रोगको पर्याप्त उपचार नभए दृष्टि गुम्न सक्ने जोखिम रहेको पनि संस्थाले जनाएको छ। संस्थाले उहाँहरूको हिरासतको अवस्थालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १० विपरीत रहेको बताएको छ। इमरानका परिवारका सदस्यलाई समेत अधिकारका पक्षमा आवाज उठाएकै कारण पक्राउ गरिएको भन्दै आपत्ति जनाएको छ।एम्नेस्टीका अनुसार पिटिआईको इस्लामाबाद मार्चसँग सम्बन्धित घटनामा इमरानका तीन बहिनीलाई सेप्टेम्बर २० र २१ मा सार्वजनिक व्यवस्था कायम गर्ने ऐन, १९६० अन्तर्गत पक्राउ गरिएको थियो। तीमध्ये दुई जना रिहा भए पनि अलीमा खान लाहोरको कोट लखपत जेलमा अझै थुनामा हुनुहुन्छ। एम्नेस्टीले इमरान खान र बुशरा बीबीलाई पर्याप्त स्वास्थ्य उपचार उपलब्ध गराउन, परिवार तथा वकिलसँग नियमित भेटघाटको व्यवस्था गर्न र अलीमा खानलाई तत्काल रिहा गर्न पाकिस्तानी अधिकारीहरूसँग माग गरेको छ।

## एआई नियमनमा ट्रम्पको असहमति

सेन्जेन (चीन), ३ मङ्सिर (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कृत्रिम बौद्धिकता (एआई) को विश्वव्यापी नियमन गर्ने कुनै पनि प्रयासको अमेरिकाले विरोध गर्ने बताउनुभएको छ। अन्तर्राष्ट्रिय नियमनले एआई विकासमा अमेरिकालाई चीनभन्दा पछाडि पार्न सक्ने उहाँको आशङ्का छ। चीनको सेन्जेनमा आयोजित एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) बैठकमा विहीबार सम्बोधन गर्दै ट्रम्पले एआईका फाइदासँगै यसका जोखिमप्रति पनि सचेत रहनुपर्ने बताउनुभयो। एआईलाई नियन्त्रण र सीमित गर्ने विश्वव्यापी नियम अमेरिकालाई स्वीकार्य नहुने उहाँको भनाइ थियो। ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने वार्तामा एआईको तीव्र विकास र त्यसबाट उत्पन्न चुनौतीबारे छलफल हुने अपेक्षा गरिएको छ। साइबर आक्रमण, जैविक हतियार निर्माणमा एआईको दुरुपयोग, सैन्य प्रयोग तथा सामूहिक निगरानी यस क्षेत्रका प्रमुख सुरक्षा चुनौती हुन्।

यसैबीच, एआई एजेन्टको अनियन्त्रित प्रयोगप्रति पनि चिन्ता बढेको छ। ओपनएआईका बटहरू अस्ट्रेलियाको सरकारी पोर्टलसहित विभिन्न वेबसाइटमा अनधिकृत रूपमा प्रवेश गरेको घटना सार्वजनिक भएको छ। यसअघि ट्रम्प र सीबीच एआईसम्बन्धी घटनामा तत्काल सूचना आदानप्रदान गर्न सञ्चार संयन्त्र स्थापना गर्ने सहमति भएको थियो। सीले एआई मानव नियन्त्रणमा रहनुपर्ने र त्यसका लागि कानूनी व्यवस्था तथा प्राविधिक निगरानी आवश्यक रहेको बताउँदै आउनुभएको छ। उता, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले एआईको विश्वव्यापी नियमन अभावले ठूलो जोखिम निम्त्याउने चेतावनी दिँदै यसका लागि अन्तर्राष्ट्रिय ढाँचा निर्माण गर्न ढिलाइ गर्न नहुने बताउनुभएको छ।

# सुमो दुर्घटनामा तीन जनाको मृत्यु

हेटौँडा, ३ मंसिर (रासस)।

मकवानपुरको भैँसे नजिकै बिहीबार बिहान सुमो दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने अन्य सात जना घाइते भएका छन्।

रौतहटको चपुरबाट काठमाडौँतर्फ गइरहेको ना १ ज २१४३ नम्बरको सुमो भैँसे नजिकै सुन्दरीमाई मोडमा दुर्घटना हुँदा रौतहटको चन्द्रनिगाहपुर नगरपालिका-३ का ५० वर्षीय बमबहादुर वाइबा र सोही नगरपालिका-४ की २२ वर्षीया जेसिका तिमिल्सिनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख श्यामबहादुर खत्रीले राससलाई जानकारी दिनुभयो। अन्य एक मृतकको परिचय खुलेको छैन।

दुर्घटनाग्रस्त सुमोमा चालकसहित १० जना सवार थिए। घाइते सात जनालाई हेटौँडा अस्पताल पुऱ्याइएको छ।

# मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

काठमाडौँ, ३ मंसिर (रासस)।

प्रहरीले सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर मुद्दाका दुई जना फरार प्रतिवादीलाई बुधबार पक्राउ गरेको छ।

पक्राउपर्नेमा बराह बचत तथा ऋण सहकारी संस्थाका संस्थापक काठमाडौँ महानगरपालिका-२२ बस्ने धरान उपमहानगरपालिका-१२ घर भएका ४५ वर्षीय शिवकुमार विश्वकर्मा (लामिछाने) र सोही सहकारी संस्थाका ऋण उपसमिति सदस्य धरान उपमहानगरपालिका-१५ बस्ने ३३ वर्षीया अस्मिता भण्डारी छन्।

धरानमा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मुख्य कार्यालय रही सहकारी संस्थासँग आबद्ध नेपाल राज्यभर जम्मा ३० वटा र विदेशमा चार वटा कम्पनीसमेत स्थापना गरी विभिन्न मितिमा पीडितको बचत गरेको रकम अपचलन तथा ठगी गरी फरार रहेका उनीहरूलाई कोशी प्रदेश कार्यालय विराटनगर र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले सुनसरीस्थित नेपाल-भारतको सीमावर्ती क्षेत्रबाट पक्राउ गरेको हो। उनीहरू उपर सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा प्रहरीले आवश्यक अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

# विशेष अदालतमा आरोपपत्र दायर

काठमाडौँ, ३ मंसिर (रासस)।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, वीरगञ्जमा कार्यरत दुई कर्मचारीविरुद्ध बुधबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्साको ठोरी गाउँपलिकास्थित जलस्रोतको पुनर्भरण/भण्डारण कार्यको निर्माण तथा मर्मत सम्भार कार्यको भुक्तानी दिएबापत रु तीन लाख ४५ हजार घुस लिएको भन्दै आरोपपत्र दायर गरेको हो।

आयोगका अनुसार उक्त कार्यालयका अधिकृत छैटौँ प्राविधिकद्वय गजेन्द्रप्रसाद जयसवाल र विकी यादवले पर्साको ठोरी गाउँपालिका-३ मा सञ्चालित जलस्रोतको पुनर्भरण तथा भण्डारणसम्बन्धी योजनाको भुक्तानी र धरौटी रकम फिर्ता दिने प्रयोजनका लागि सेवाग्राहीसँग रु तीन लाख ४५ हजार घुस मागेको भन्दै आरोपपत्र दायर गरेको हो।

आयोगका प्रवक्ता सुरेश न्यौपानलेले आर्थिक वर्ष २०८२/८३ मा सार्वजनिक इनार तथा पोखरी निर्माण र मर्मतसम्भारसम्बन्धी उक्त योजना सम्पन्न भएपछि भुक्तानी तथा धरौटी रकम फिर्ता दिने क्रममा दुवै कर्मचारीले आपसी मिलेमतोमा घुस रकम लिएको भन्दै आरोपपत्र दायर गरेको बताउनुभयो।

आयोगले दुवै प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा रु तीन लाख ४५ हजार बिगो कायम गरी बिगोबमोजिम जरिवाना र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजायको मागदाबीसहित आरोपपत्र दायर गरिएको हो।

# मधेस प्रदेशमा उल्लेख्य बजेट विनियोजन भएको छ : मन्त्री लम्साल

जनकपुर, ३ मंसिर (रासस)।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले वर्तमान सरकारले पछिल्लो १० वर्षको तुलनामा मधेस प्रदेशमा सबैभन्दा बढी बजेट विनियोजन गरिएको बताउनुभएको छ।

जनकपुरधाममा बुधबार पार्टीका नेता तथा कार्यकर्तासँगको भेटघाट तथा अन्तरक्रियामा चालु आर्थिक वर्षमा स्थानीय तथा ग्रामीण सडकको विकास र निर्माणका लागि रु ५० अर्बभन्दा बढी बजेट छुट्याइएको जानकारी दिनुभयो।

चालु आवमा एकमुष्ट रूपमा अत्यधिक बजेट विनियोजन गरिएको उल्लेख गर्दै उहाँले आगामी दिनमा पनि मधेस प्रदेशको विकासका लागि बजेट वृद्धि गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले खानेपानी तथा पूर्वाधार निर्माणका क्षेत्रमा उल्लेख्य बजेट विनियोजन गरिएको बताउँदै सरकारले मधेस प्रदेशलाई पहिलो प्राथमिकतामा राखेको स्पष्ट पार्नुभयो।

मधेस प्रदेशमा श्रमिकको सङ्ख्या अत्यधिक रहेकाले उनीहरूलाई न्यायोचित पारिश्रमिक उपलब्ध गराउने उद्देश्यले दैनिक ज्यालामा वृद्धि गरिएको बताउनुभयो। उहाँले मधेसको समग्र विकास, सडक सञ्जाल विस्तार तथा आधारभूत पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकताका साथ अघि बढाएको उल्लेख गर्नुभयो।

### स्थापनाको ...

गरिएको बताए।

विद्यालयको गौरवपूर्ण इतिहास, शैक्षिक योगदान र भावी योजनालाई स्मरण गर्ने महत्वपूर्ण अवसरका रूपमा स्वर्ण जयन्ती भव्यरूपमा मनाउन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने पूर्वविद्यार्थी तथा अवकास प्राप्त अधिकृत सुभाष मण्डलले बताए।

पूर्व विद्यार्थीहरूलाई स्वर्ण जयन्ती समारोहको तयारी गर्न परिचालन गर्नुपर्ने पूर्वविद्यार्थी तथा यूवा नेता दिपेन्द्र चौधरी लगायतले सुझाव दिएका थिए।

वि.सं. २०२३ सालमा स्थापना भएको विद्यालयले लामो शैक्षिक इतिहासमा जिल्लाका थुप्रै दक्ष, योग्य र उत्कृष्ट विद्यार्थी उत्पादन गर्दै आएको छ। विद्यालयका पूर्वविद्यार्थीहरू राज्यका विभिन्न निकाय तथा महत्वपूर्ण पदमा रहेर योगदान पुऱ्याउँदै आएका छन्।

काठमाडौँ, ३ मंसिर (रासस)।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले गैरकानुनी रूपमा रकम असुल गरी ठगी तथा सङ्गठित अपराध गरेको कसुरमा पूर्वमन्त्रीसहित छ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादव रहेका छन्।

त्यसैगरी, सिआइबीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, सोही मन्त्रालयका तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुखहरू उमेश ढुङ्गाना र राजीव पोखरेल, रोजगार व्यवस्थापन महाशाखाका तत्कालीन कानुन अधिकृत निर्मला गुरुङलाई पक्राउ गरेको छ।

सङ्गठित ठगी तथा विदेशी मुद्रा अपचलन प्रकरणमा थप कानुनी कारबाही तथा अनुसन्धान जारी रहेको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रवक्ता अनुपमशमशेर जबराले जानकारी दिनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको पत्र तथा विकास रानाभाट समेतको जाहेरीका आधारमा नेपाल सरकार वादी भई प्रतिवादी कैलाश खड्का समेतको ठगीसम्बन्धी कसुर तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा ब्यूरोले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

मलेसिया र नेपालबीच भएको सम्झौताको दायरा र कानुनी प्रक्रिया विपरीत अधिकार क्षेत्र नाघेर बदनियतपूर्वक विदेशी मुद्रा अपचलन गराई मुलुकको मुद्रा सञ्चितीकरणमा गम्भीर नोक्सानी पुऱ्याउने गरी निर्णय गरिएको अनुसन्धानबाट खुल्न आएको छ।

सङ्गठित समूहको लाभका लागि जानीजानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्य विपरीत श्रमिकहरूलाई सङ्गठित रूपमा ठगी गर्ने कार्यमा मौन बसी, कानुनी उपचार नगरी वा नगराई सो गैरकानुनी रकम मलेसिया पठाउने निर्णयमा संलग्न रहेको आरोपमा उनीलाई पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ।

**राजस्व चुहावट मुद्दामा फरार भएका पक्राउ**

नेपाल प्रहरीले राजस्व चुहावटसम्बन्धी मुद्दामा रु ५३ करोड ८१ लाख ८३ हजार ८१ जरिवाना र दुई वर्ष कैद सजाय तोकिएका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले उच्च अदालत पाटनबाट दोषी ठहर भई फरार रहेका रौतहटका ३३ वर्षीय गुलसन श्रीवास्तवलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो।

ब्यूरोका प्रवक्ता, अनुपमशम्शेर जबराले राजस्व अनुसन्धान विभागका निर्देशक तथा अनुसन्धान अधिकृत प्रेमप्रसाद आचार्य समेतको प्रतिवेदन तथा जाहेरीका आधारमा राजस्व चुहावटसम्बन्धी मुद्दामा श्रीवास्तवलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

पक्राउ श्रीवास्तवले आफू प्रोपाइटर रहेको साइग्रिला ट्रेड एन्ड सप्लायर्स, प्रिन्स इन्टरनेसनल, मयङ्क इन्टरप्राइजेज, शुभलक्ष्मी इन्टरनेसनल र न्यू महादेव इन्टरनेसनलमार्फत झुटा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजक जारी गरी कारोबार गरेको अभियोगमा मुद्दा दायर भएको थियो।

सो मुद्दामा उच्च अदालत पाटनले २०८१ वैशाखमा फैसला गर्दै जरिवाना र कैद सजायको ठहर गरेको थियो। अदालतको फैसलापछि सजाय भुक्तान नगरी फरार रहेका श्रीवास्तवलाई ब्यूरोको टोलीले जिल्ला प्रहरी कार्यालय पर्साको सहयोगमा वीरगञ्जबाट पक्राउ गरिएको थियो।

पक्राउ परेका श्रीवास्तवलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौँमा उपस्थित गराइएको ब्यूरोले जनाएको छ।

# दूरसञ्चार सेवा प्रदायकलाई जरिवाना र ब्याज मिनाहाको सुविधा

काठमाडौँ, ३ मंसिर (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक कम्पनीहलाई विभिन्न शुल्क, दस्तुर तथा करमा लागेको जरिवाना र ब्याज मिनाहाको सुविधा उपयोग गर्न आग्रह गरेको छ।

प्राधिकरणले आर्थिक ऐन, २०८३ को दफा ४९ मा भएको व्यवस्थाअनुसार मङ्सिर मसान्तभित्र बक्यौता शुल्क वा दस्तुर वा कर तथा त्यसको एक प्रतिशत थप रकम दाखिला गरेमा लाग्ने जरिवाना, ब्याज तथा शुल्क मिनाहा हुने जनाएको छ।

प्राधिकरणका अनुसार शुल्क, दस्तुर वा कर दाखिला नगरेका, कम दाखिला गरेका वा आवश्यक विवरण नबुझाएका सेवा प्रदायकले उक्त सुविधा पाउनेछन्।

त्यसैगरी, सम्बन्धित कार्यालयबाट कर, शुल्क वा दस्तुर निर्धारण भई बक्यौता कायम भएका वा अदालत तथा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेका सेवा प्रदायकले मुद्दा फिर्ता लिई निर्धारित रकम र त्यसको एक प्रतिशत थप रकम बुझाएमा पनि जरिवाना तथा ब्याज मिनाहा हुनेछ।

प्राधिकरणको अनुमतिपत्र प्राप्त सम्पूर्ण दूरसञ्चार सेवा प्रदायकलाई मङ्सिर मसान्तभित्र आवश्यक रकम दाखिला गरी उक्त सुविधाको उपयोग गर्न अनुरोध गरिएको हो।

# लक्ष्यभन्दा बढी राजस्व संकलन

पर्सा, ३ मंसिर (रासस)।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको कात्तिक महिनामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

कार्यालयका अनुसार गत कात्तिकमा रु १७ अर्ब ७९ करोड राजस्व सङ्कलन भएको छ। सो महिनामा रु १७ अर्ब ६४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। भन्सार कार्यालयले लक्ष्यभन्दा रु १५ करोड बढी सङ्कलन गरेको प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीले जानकारी दिनुभयो।

गत कात्तिकमा पेट्रोलियम पदार्थ, औद्योगिक कच्चापदार्थ, सवारीसाधन तथा पार्टपुर्जा, खाद्यान्न, फलामलगायत विभिन्न व्यापारिक वस्तुको आयातबाट सबैभन्दा बढी राजस्व सङ्कलन गरिएको कार्यालयले जनाएको छ।

सो भन्सार कार्यालयले गत भदौदेखि लगातार लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्दै आएको छ। असोज महिनामा मात्रै कार्यालयले रु २६ अर्ब ७२ करोड ५८ लाख राजस्व सङ्कलन गरेको थियो।

कार्यालयले वार्षिक लक्ष्यको करिब ३० प्रतिशत राजस्व सङ्कलन गरिसकेको प्रमुख भन्सार प्रशासक मैनालीले जानकारी दिनुभयो।

### दैनिक ...

माग सम्बोधन नभए १४ गतेदेखि अनिश्चितकालीन आन्दोलनमा उत्रिने समितिले चेतावनी दिएको छ।

कोशी पम्प नहर, वितरण नहर र चन्द्र नहर सिँचाइ प्रणालीका साथै पम्प हाउस ए, बी, स्विचिङ स्टेसन तथा कार्यालय अन्तर्गतका विभिन्न संरचनामा कार्यरत सम्पूर्ण श्रमिकहरूले आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै संघर्ष गर्ने जनाएका छन्।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*